# दोगडाकेदार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फोन नं. ९८५८७८२२००

(शिक्षा, युवा तथा खेलकुद शाखा)
देउलेक, बैतडी
सुदुरपश्चिम प्रदेश ,नेपाल


प.स.:०७७/०७८
च.नं. ९८४

मिति : २०७७/१०/१९

विषय :- विद्यालय व्यवस्थापन समिती गठन गर्ने सम्बन्धमा ।

श्री सम्बन्धीत सम्पुर्ण विद्यालयहरु,
दोगडाकेदार गाउँपालिका ,बैतडी

प्रस्तुत विषय सम्बन्धमा दोगडाकेदार गाउँपालिका गाउँ शिक्षा समितीको मिती २०७७/१०/१८ गते बसेको बैठकको निर्णयानुसार यस दोगडाकेदार गाउँपालिका भित्र सञ्चालित विद्यालयहरु मध्ये विद्यालय व्यवस्थापन समितीको कार्यकाल समाप्त भएका विद्यालयहरुले यही मिती २०७७ फाल्गुन मसान्त भित्र विद्यालय व्यवस्थापन समितीको गठन गरी सो को जानकारी यस गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखामा गराउन हुन सम्बन्धीत सम्पुर्ण विद्यालयहरुलाइ निर्णयानुसार जानकारी गराइन्छ । साथै विद्यालय व्यवस्थापन समिती गठन सम्बन्धि स्थानिय राजपत्रमा भएको मापदण्डको छायाँ प्रति यसै चलानी पत्र साथ संलग्न गरिएको व्यहोरा जानकारी गराइन्छ ।

२०७७/१०/१९

सुरेश प्रसाद भट्ट

शिक्षा शाखा प्रमुख

सुरेश प्रसाद भट्ट
शिक्षा शाखा प्रमुख

(ण) विद्यालय व्यवस्थापन समितिले आफ्नो काम, कर्तव्य र अधिकार पालना नगरेको पाईएमा सचेत गराउने र सचेत गराउदा समेत तोकिए बमोजिम नगरे नगराएमा आवश्यक कारबाहीका लागि गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,
(त) गाउँ शिक्षा समितिबाट तोकिएका अन्य कार्यहरु गर्ने।

**१२. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकहरूले आफूहरू मध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना अभिभावक - सदस्य

(ख) विद्यालय रहेको वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनय गरेको वडा सदस्य -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षा प्रेमी वा विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुई जना व्यक्ति - सदस्य

(घ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएका एकजना शिक्षक -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक - सदस्य सचिव

(१.१) वि.व्य.स. अध्यक्ष सम्बन्धी व्यवस्थाः माथि उल्लेखित (क) (ख) वा (ग) बमोजिमका सदस्य मध्ये गाउँ शिक्षा समितिले आवश्यक मापदण्ड बनाई एक सदस्यलाई अध्यक्ष तोक्ने छ।

(१.२) विद्यालय व्यवस्थापन समिति अध्यक्ष सम्वन्धी मापदण्ड देहाय बमोजिम हुनेछ।

१.२.१ अध्यक्षको हकमा शैक्षिक योग्यता : माध्यमिक तहको बि.व्य.स. अध्यक्षको लागी कम्तीका कक्षा १२ उतिर्ण र आधारभुत तहको लागी कम्तीमा कक्षा १० उतिर्ण भएको हुनुपर्नेछ।

१.२.२. विद्यालय व्यवस्थापन समिति गठन गर्दा बि.व्य.स. अध्यक्षको हकमा सर्वसम्मतिले चयन नभएको अवस्थामा माथि उल्लेखित (क),(ख) र (ग) मध्येका सदस्यहरुबाट गाउँ शिक्षा समितिले योग्य सदस्यलाई वि.व्य.स. अध्यक्ष पदमा मनोनयन गर्न सक्नेछ।

(२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :